नेपाल सरकार
# गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय

## विज्ञप्ति

नेपाली नागरिकता वितरण सम्बन्धी कार्य तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित एवं प्रविधिमा आधारित बनाउने उद्देश्य अनुरुप स्थानीय तहहरुबाट केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीको External Module को प्रयोग गरी अनलाइन प्रणाली मार्फत् स्थानीय तह/वडा कार्यालयहरुले सम्बन्धित जिल्ला प्रशासन, ईलाका प्रशासन र सीमा प्रशासन कार्यालयलाई नयाँ नेपाली नागरिकता प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा प्रारम्भिक चरणमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको गैडाकोट नगरपालिका अन्तर्गतका १८ वटै वडा कार्यालयहरुमा मिति २०८० चैत्र १५ गते देखि लागू गर्ने र अन्य स्थानीय तहहरुको अनुरोध तथा पूर्व तयारीका आधारमा क्रमशः लागू गर्ने निर्णय भएको छ।

स्थानीय तहको वडा कार्यालयबाटै अनलाइन प्रणाली मार्फत् नागरिकता सिफारिस गर्ने व्यवस्थाको कार्यान्वयनबाट नागरिकता सिफारिस प्रक्रियामा झूठा, किर्ते र दोहोरो सिफारिस जस्ता गैरकानूनी कार्य नियन्त्रण हुने, जिल्ला प्रशासन, ईलाका प्रशासन, सीमा प्रशासन कार्यालयहरु, स्थानीय तह/वडा कार्यालय तथा सेवाग्राही समेतको समय बचत हुने, केन्द्रीय अभिलेख व्यवस्थापनका साथै विद्युतीय सुशासनको प्रवर्द्धनमा सघाउ पुग्ने मन्त्रालयको विश्वास रहेको छ।

सो प्रणालीमा आवद्ध भई विद्युतीय सेवा प्रवाह गर्न चाहने स्थानीय तहहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरी आवश्यक तयारी गर्नुहुन अनुरोध छ।

मितिः २०८० चैत्र १ गते
नेपाल संवत ११४४ चिल्लाथ्व, ४

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता